# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# छत्रगञ्ज, अर्घाखाँची
# लुम्बिनी प्रदेश, नेपाल

# आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

**गाउँ सभा सदस्य ज्यूहरू,**

१. छत्रदेव गाउँपालिकाको गाउँ सभाको १८ औं अधिवेशनमा उपस्थित सम्पूर्ण जनप्रतिनिधिज्यूहरू लगायत सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत गर्दछु ।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकको चौतर्फी विकासको आकाङ्क्षा पूरा गर्न नेपालको संविधानबमोजिम स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भए पश्चात तेस्रो आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभासमक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । यो अमूल्य अवसर दिनुहुने सम्पूर्ण छत्रदेववासी नागरिकहरूलाई हार्दिक आभार व्यक्त गर्दछु ।

३. यस अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना र समाजको आमुल परिवर्तनका लागि विभिन्न कालखण्डमा राजनीतिक आन्दोलन, सङ्घर्ष र क्रान्तिहरूमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । उक्त आन्दोलनहरूको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

४. नेपालको संविधान तथा प्रचलित ऐन, कानुनले स्थानीय तहलाई प्रदान गरेका अधिकारहरूको कार्यान्वयन गर्दै समृद्ध गाउँपालिका बनाउने उद्देश्यका साथ स्थानीय सरकारको स्थापनासँगै जनताले घर घरमा स्थानीय सरकारको अनुभूति गर्ने अवस्था क्रमशः सिर्जना हुँदै गएको छ । स्थानीय स्तरमा नीति निर्माण, योजनाको छनोट र कार्यान्वयन हुने हुँदा योजनाहरूको प्रभावकारितामा बढोत्तरी भएको र सहभागितामुलक विकासको अवधारणाले समेत सार्थकता पाएको छ । हिजोको एकात्मक र केन्द्रीकृत मानसिकताको क्रमशः अन्त्य हुँदै गएको छ । परिवर्तनको प्रतिविम्ब आजको विकास निर्माण तथा जनताले प्राप्त गर्न थालेका सेवा, सुविधा, सहुलियत र अवसरहरूमा देख्न र महसुसमेत गर्न सकिन्छ र यसलाई अझै सहज, सरल र सेवामुखी बनाउँदै लगिनेछ ।

५. गाउँपालिका स्थापना कालदेखि हालसम्म विभिन्न चरणमा नेतृत्व गर्नुहुने सबै व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दै यहाँहरूले पुऱ्याउनु भएको योगदानको मुक्तकण्ठले प्रशंसा गर्दछु ।

६. सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरूप्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरू पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई निर्देशित गरेका छौं । यसका लागि दिगो विकासका राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माणसहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजी र समुदायको साझेदारी विकासमा जोड दिइनेछ ।

७. रोजगारउन्मुख सिपमुलक शिक्षाको विकास गर्नु, गुणस्तरीय बिउबिजन-मलखाद समयमा नै उपलब्ध गराउनु, युवा जनशक्तिलाइ कृषि व्यवसायप्रति आकर्षित गराउन नसक्नु, वैज्ञानिक, जलवायु उत्थानशील तथा व्यवहारिक एवम् उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागु गर्नुलगायतका विषयहरू चुनौतिका रुपमा रहेका छन् ।

८. उल्लिखित परिवेश र पृष्ठभूमिका आधारमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गरी वार्षिक लक्ष्य निर्धारण गर्ने दिशामा नीति तथा कार्यक्रम उन्मुख रहेको छ ।

९. स्थानीय तह निर्वाचनमा निर्वाचित भइ कार्यभार सम्हालेको दुई वर्ष पूरा भएको छ । दोस्रो कार्यकाल निर्वाचित भएसँगै निर्वाचित जनप्रतिनिधिको उमङ्ग, उर्जा र इच्छाशक्तिको सम्मिश्रण गरी "**छत्रदेवको शानः सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान**" भन्ने मूल नारामा लुकेको छत्रदेवको समृद्धिको खाकालाई चरितार्थ गर्न छत्रदेव गाउँपालिकाप्रतिको जिम्मेवारी तथा दायित्वलाई कर्तव्यबोध गरी आफ्नो स्रोत-साधन र क्षमताले भ्याएसम्म नागरिकमैत्री सरकारको रूपमा उपस्थित भएका छौं । गाउँपालिकाको सर्वाङ्गीण विकासका पक्षमा स्थानीय सरकारसँग नागरिकहरूको अपार अपेक्षा एवम् आशा रहेको छ । उक्त अपेक्षाहरूलाई पूरा गर्न उपलब्ध सीमित स्रोत र साधन तथा अवसरको उच्चतम उपयोग गरी कुशल परिचालनबाट न्यायोचित वितरण र संविधान प्रदत्त अधिकारहरूको प्रभावकारी कार्यान्वयन मार्फत स्थानीय सरकारको अनुभूति हुने गरी छत्रदेवको विकास र समृद्धिको आकाङ्क्षालाई पूरा गर्न पहल गरिनेछ । स्थानीय तह स्थापना भएसँगै नागरिकले अनुभूत गर्ने गरी सेवा प्रवाह र विकास निर्माणलाई लोकतान्त्रिक विधि र पद्धति अनुरूप सञ्चालन गरिएका छन् । देशकै अर्थतन्त्र खस्कदो रहेको अवस्थामा छत्रदेववासीको समृद्धिलाई आत्मसात् गरी आर्थिक वृद्धिलाई सकारात्मक दिशामा अगाडि बढाइ उत्पादन र उत्पादकत्वमा वृद्धि गरी हितकारी कार्यक्रम र योजनाहरू कार्यान्वयनमा ल्याइनेछ ।

**गाउँ सभा सदस्य ज्यूहरू,**

**अव म विषयगत क्षेत्र तर्फका नीति तथा कार्यक्रम गरिमामय सभामा प्रस्तुत गर्दछु ।**

**आर्थिक विकासः**

**कृषि तथा पशुपन्छी विकास**

१०. "**उत्पादमा वृद्धि छत्रदेवको समृद्धि**" भन्ने मूल नाराकासाथ छत्रदेव गाउँपालिकामा उपलब्ध स्रोतसाधन तथा जनशक्तिको अधिकतम् परिचालन गर्दै उत्पादनमुलक कार्यक्रम सञ्चालन गर्दै गाउँपालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै निर्यात प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

११. नागरिकहरुको पोषण अवस्थामा सुधार गर्न **"एक घर एक करेसाबारी"** निर्माणको लागि नागरिकलाई उत्प्रेरित गरिनेछ ।

१२. सम्भाव्यताका आधारमा फूल खेती हुने सम्भावित वडाहरूमा फूल नर्सरी स्थापना गरी व्यावसायिक फूल खेती प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।साथै कृत्रीम फूलको प्रयोगमा रोक लगाइने छ ।

१३. लोप हुन लागेका स्थानीय वा रैथाने बालीहरूको संरक्षणमा सघाउ पुऱ्याउन रैथाने बाली प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. सङ्घीय सरकारबाट सुरु गरिएको **किसान सूचीकरण** कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरी किसान परिचय पत्र वितरण गरिनेछ । साथै तरकारी तथा बाख्राको व्यवसाय प्रवर्द्धन गर्न तरकारी पकेट तथा बाख्रापालन पकेट कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. कृषिमा आधुनिकीकरण, विविधिकरण, यान्त्रिकीकरण तथा व्यावसायीकरण गर्दै परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक रुपमा विकास गर्न वास्तविक कृषकहरूलाई मागबमोजिम कृषि औजार/सामग्री, माहुरी पालन सामग्रीहरू अनुदानमा उपलब्ध गराइनेछ ।

१६. जमिनलाई उत्पादन र रोजगारीको आधारको रुपमा लिइ खेतीयोग्य जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।साथै बाँझो रहेका खेतियोग्य जमिनलाई सूचीकृत गरी भूमि बैङ्कको स्थापनाको लागि पहल गरिनेछ ।

१७. कुखुरापालक, गाई भैंसीपालक, बाख्रापालक कृषकहरूलाई आवश्यक सामग्रीहरू, निःशुल्क औषधी तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ । डेरी सुधार कार्यक्रमलाई निरन्तरता दिंदै संस्थागत दुध उत्पादक किसानहरूलाई प्रोत्साहन गर्न दुध उत्पादनमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८. उन्नत जातका हिउँदे एवम् वर्षे घाँसबाली र डाले घाँसका बिउ तथा बेर्ना संस्थागतरुपमा वितरण गरी घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ ।

१९. माछा पालन गर्न सम्भावना बोकेका क्षेत्रहरूमा माछा प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. कृषकको बजार पहुँचमा सहजीकरण गरी विचौलियाहरूलाई निरुत्साहित गर्दै **सार्वजनिक-निजी साझेदारी कार्यक्रम** मार्फत कृषकका उत्पादनहरूलाई बजारसम्म पुर्‍याउन ढुवानीमा अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै सम्पूर्ण कृषकहरूलाई औपचारिक कृषि प्रणालीमा आबद्ध हुन थप प्रोत्साहित गरिनेछ ।

२१. कृषकको लगानी सुरक्षित गर्न, कृषिमा भएको लगानीको जोखिम न्यूनीकरण गर्न कृषि बाली बिमा तथा पशु बिमा गर्न कृषकहरूलाई प्रोत्साहित गरिनेछ । आकस्मिक रुपमा बाली वस्तुहरूमा देखापर्ने रोग किराहरूबाट बाली वस्तुलाई संरक्षण गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२२. धान दिवस, विश्व खाद्य दिवस, जौविक विविधतालगायतका दिवसका माध्यमबाट कृषि पेसालाई प्रोत्साहन गर्दै कृषि उत्पादन अभिवृद्धि गर्न टेवा पुर्‍याइनेछ ।

२३. कृषि बाली, पशु धन, जडिबुटीलगायतको स्थानीय तथ्याङ्क सङ्कलन गरी धान, मकै जस्ता बालीहरू र अण्डा, मासु तथा दुधमा आत्मनिर्भर हुने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२४. व्यवसायिक कृषकहरुका लागि खेतहरुमा सिँचाई कुलो निर्माणका साथै बारीहरुको लागि सिमेन्ट पोखरीहरु क्रमश: बनाउदै जाने नीति लिइनेछ ।

२५. कृषकहरूलाई प्राङ्गारिक खेती गर्न गोठे मल, हरियो मलको उपयोग गर्न उत्प्रेरित गरिनेछ ।

२६. हाल गाईगोरुमा देखा परेको लम्की स्किन डिजिज तथा खोरेत रेविज पि.पी.आर. रोग विरुद्ध निःशुल्क खोप सेवा सञ्चालन गरिनेछ ।

२७. **"पशुपन्छीको नश्ल सुधार: आम्दानी र रोजगारीको आधार"** अभियान मार्फत पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निःशुल्क र प्रभाकारी बनाइनेछ ।

२८. सीमा निर्धारण गरी वढी कृषि उत्पादन गर्ने कृषकहरुलाई सम्मान गर्ने नीति ल्याइनेछ ।

**राजस्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रमः**

२९. गाउँपालिकावासीलाई कर तिर्नु बोझ नभइ आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउन कर साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील कर प्रणाली अवलम्बन गरी करको दर भन्दा दायरालाई प्राथमिकता दिइ सोही अनुसार करका नीति तय गरिनेछ ।

३०. राजस्व सङ्कलनलाई पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाउन सूचना प्रणालीको प्रयोगमा बढवा दिदै सूचना प्रविधि सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३१. राजस्व सङ्कलनका क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी राजस्व परिचालनका थप स्रोतहरू पहिचान गरिनेछ ।

**उद्योग तथा वाणिज्य**

३२. उद्योग तथा वाणिज्य व्यवसायको दर्ता प्रक्रियालाई सरलीकृत गर्न आ.व. २०८१।८२ मा ८ वटै वडा कार्यालयहरूमा घुम्ती शिविर सञ्चालन गरिनुका साथै आ.व.२०८१।८२ को असोज मसान्तसम्ममा नवीकरण गर्न आएमा त्यस्ता उद्योग तथा वाणिज्य व्यवसायहरूलाई जरिबाना रकम मिनाहा गरी नवीकरण दस्तुर मात्र लिएर नवीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

३३. उपभोक्ताको हकहित संरक्षण गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने र कालाबजारीलाई नियन्त्रण गर्न आ.व. २०८१।८२ मा बजार अनुगमन कार्यलाई थप तीव्रता दिइ हालसम्म दर्ता प्रक्रियामा नआएका सञ्चालित सबै उद्योगी तथा व्यसायीहरूलाई दर्ता प्रक्रियामा ल्याइनुका साथै व्यवसाय कर वडा कार्यालयहरूबाटै सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ । बजार अनुगमनका माध्यमबाट खाद्य सुरक्षाको हकलाई प्रत्याभूत गर्न गाउँपालिकाभित्रका विद्यालयहरूका विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी उनीहरूको सहभागितालाई सुनिश्चित गरिनेछ ।

३४. उत्कृष्ट १/१ जना (महिला/पुरुष) उद्योग/उद्यमीहरूलाई सङ्घीय सरकारबाट आयोजना गरिने उद्योग दिवसका अवसरमा विशेष कार्यक्रमको आयोजना गरी सम्मान गरिनेछ ।

३५. कर प्रशासनलाई चुस्त दुरुस्त गर्नुका साथै कर प्रशासनलाई सरलीकरण गर्न करदाता सेवा कार्यालयसँग आवश्यक समन्वय गरी उद्योग/उद्यमीहरूलाई करदाता शिक्षा प्रदान गरिनेछ ।

**गरिबी निवारण कार्यक्रम**

३६. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई थप प्रभावकारी बनाइ **एक व्यक्ति एक उद्यम** नीति अवलम्बन गरी नयाँ उद्यमी सिर्जना तर्फ २० जना नयाँ उद्यमी, स्तरोन्नती तर्फ १० जना र प्रविधि हस्तान्तरण तर्फ १० जनालाई प्रविधी सहयोग गरिनेछ । उद्यमीहरूको माग अनुसार उपयुक्त स्थानमा कोशेली घरको निर्माण गरी उद्यमीहरूले उत्पादन गरेको वस्तुहरूको बिक्री वितरणलाई सहज गराइनेछ ।

३७. उद्यमशीलता विकासलाई उच्च प्राथमिकता दिइ लघु, घरेलु तथा साना उद्योगको प्रभावकारिता वृद्धि गर्न लागत साझेदारीमा उद्यमी सिर्जना गरिनेछ । नयाँ उद्यमी सिर्जना गरी व्यवसाय प्रर्वधनमा जोड दिदै रोजगारीका अवसर सिर्जना गरिनेछ ।

३८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण गराउँदै व्यवसायमा सहभागिता सुनिश्चित गर्दै थोरै पुंजी लगानीमा व्यवसाय गर्न लगाइ खेर गरहेको स्थानीय स्रोत साधनको उपयोगिताबारे सचेत गराउँदै व्यवसायमा संलग्न गराइनेछ ।

३९. विपन्न वर्गहरूलाई लघु उद्यम व्यवसायमा संलग्न गराइ विपन्नताका कारण समाजमा भइरहेका विभिन्न आपराधिक क्रियाकलाप तथा महिला हिंसा न्यूनीकरण गरिनेछ । लघु उद्यमीहरूले उत्पादन गरेका वस्तुहरूको बजारीकरणको व्यवस्था मिलाइनेछ ।

४०. लघु, घरेलु तथा साना उद्योगका लागि महिला उद्यमीलाई सरल र सहज ढङ्गले कर्जा उपलब्ध गराउन बैंक तथा वित्तिय संस्थासँग समन्वय गरिनेछ र महिलाहरूलाई उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक तथा सामाजिक स्तर अभिवृद्धि गरी जीवनस्तर उकास्नका लागि सहयोग पुर्‍याइनेछ ।

४१. स्तरोन्नती अन्तर्गत पुराना उद्यमीहरूको आवश्यकता पहिचान गरी आवश्यक तालिम, अन्यत्र स्थानमा रहेका सफल परियोजनाहरूमा भ्रमण तथा प्रविधि हस्तान्तरण गरी उनीहरूको आवश्यकताको परिपूर्ति गर्दै व्यवसाय विस्तार तथा प्रवर्धनमा जोड दिइनेछ ।

४२. विपन्न नागरिकको मृत्यु संस्कारका लागि आवश्यक सहयोग गरिनेछ ।

**गाउँ सभा सदस्य ज्यूहरू,**

**भाषा संस्कृति तथा पर्यटन**

४३. स्थानीय स्तरमा रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलको संरक्षण गरिनेछ । छत्रमहाराज मन्दिर, बल्कोट पौवा, ताराखसे मन्दिर, कालिका भगवती मन्दिर, मालिका मन्दिर, इमामबाडालगायत धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रचार-प्रसार गरिनेछ । विभिन्न जातजाति विशेषका मेला पर्व, धार्मिक शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।हाम्रा पुराना मौलिक संस्कृति, मूल्य-मान्यतालाई जगेर्ना गर्न विभिन्न कार्यक्रम मार्फत् विद्यार्थी वा बालबालिकाहरुलाई शिक्षा दिइने छ । संस्कृत भाषाको प्रवर्धन गर्दै हाम्रा धर्मग्रन्थहरुको विश्लेषणात्मक अध्ययनलाई प्रोत्साहन गरिनेछ ।

४४. परम्परागत रूपमा रहेका मारुनी नाच, सोरठी नाच, पञ्चेबाजा, लाखे नाच, कालिका नाच, सराय नाच, लोक भजनलगायतका संस्कृति तथा परम्परालाई संरक्षण र विकास गर्दै सो कार्यक्रममा विद्यालयहरुलाई जोड्न **सामाजिक स्मृति युवा पुस्ता कार्यक्रम** सञ्चालन गरिनेछ ।

४५. स्थानीय पर्यटकीय गन्तव्य प्रोफाइल तयार गरी पर्यटन प्रर्वधन गरिनेछ ।

**गाउँ सभा सदस्य ज्यूहरू,**

**भूमि व्यवस्था तथा सहकारी**

४६. सहकारी संस्थामार्फत व्यावसायिक उत्पादन, प्रशोधन, भण्डारण र किसानले उत्पादन गरेका कृषि तथा पशुजन्य वस्तुको स्थानीय तथा राष्ट्रिय बजारसँग समन्वय गरी बजारीकरण गरिनेछ ।

४७. कृषि उत्पादन तथा बजारीकरणमा सरलीकरण गर्न कृषि सहकारीका लागि क्षमता अभिवृद्धि तथा सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

४८. गाउँपालिकामा भएका सबै सहकारी संस्थाहरूलाई **COPOMIS** प्रणालीमा आबद्ध गरी सूचना तथा प्रतिवेदन प्रणालीलाई चुस्त दुरुस्त बनाइनेछ। **COPOMIS** मा आबद्ध सहकारी संस्थाहरूलाई सूचना प्रणालीको प्रयोग र लेखा सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

४९. सहकारी क्षेत्रलाई सूचना प्रविधिमैत्री बनाउँदै यसका गतिविधिहरूमा पारदर्शिता प्रवर्धन गरिनेछ ।

५०. स्थानीय कच्चा पदार्थको प्रयोग गरी सिन्की, मस्यौरालगायत स्थानीय सामग्री उत्पादन र बिक्री वितरण गर्ने सहकारीहरूलाई उत्पादनका आधारमा अनुदान दिने नीति लिइनेछ ।

५१. गाउँपालिका भित्र सञ्चालित सहकारीहरूको नियमन र अनुगमनमा जोड दिइनेछ । COPOMIS मा आबद्ध नहुने र नियमित प्रतिवेदन पेस नगर्ने निष्क्रिय सहकारीहरूलाई दर्ता खारेजी प्रक्रियामा लगिनेछ ।

५२. भूमिको वैज्ञानिक उपयोग र अव्यवस्थित खण्डीकरण रोकथाममा जोड दिदै भूमि वर्गीकरण सम्बन्धी कार्यलाई सम्पन्न गरिनेछ ।

५३. अव्यवस्थित बसोबासी तथा भूमिहीन दलित र भूमिहीन सुकुम्बासी समस्या समाधानका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँगको सहकार्यमा आवश्यक कार्यहरू सम्पन्न गरिनेछ ।

५४. गाउँपालिका भित्र रहेका भूमिहीनहरूलाई छत्रदेव जनता आवासमा स्थानान्तरण गर्ने कार्य सम्पन्न गरिनेछ ।

५५. जनता आवासमा बसोबास गर्ने नागरिकहरुलाई जीविकोपार्जनका लागि पायक पर्ने बाँझो जग्गामा खेती गर्न प्रोत्साहन गरिनेछ ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

**सामाजिक विकास**

**शिक्षा, युवा तथा खेलकुद**

५६. गाउँपालिकाको शिक्षालाई थप व्यवस्थित, योजनावद्ध र प्रभावकारी बनाउन शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५७. अभिभावकहरूलाई आफ्ना सन्तानको शिक्षाप्रति थप जिम्मेवार बनाइ सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर सुधारमा थप टेवा पुऱ्याइ अभिभावकको क्षमता अभिवृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. विद्यालयहरूलाई कार्यसम्पादन, सुशासन तथा नतिजाको आधारमा मात्र पुरस्कार तथा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५९. एक विद्यालय एक सिर्जनशील कार्यक्रम गरी उत्कृष्ट कार्य गर्ने विद्यालयलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

६०. विद्यालयका खाली भवन तथा जग्गालाई उपयुक्तताका आधारमा ज्येष्ठ नागरिक मिलन केन्द्रलगायतका अन्य सामाजिक प्रयोजनका लागि उपयोगमा ल्याइनेछ ।

६१. अभिभावकलाई बालबालिकाप्रति जिम्मेवार बनाउन विद्यालय मार्फत् असल अभिभावक छनोट गरी सम्मान गर्ने नीति लिइनेछ ।

६२. विद्यालयको वातावरणलाई स्वच्छ, हराभरा र मनोरम बनाउन "**एक विद्यालय, एक फूलबारी कार्यक्रम**" सञ्चालन गरी उत्कृष्ट फूलबारी निर्माण गर्ने विद्यालयहरूलाई पुरस्कृत गरिनेछ ।

६३. खाली वा न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयमा उपलब्ध भएका जिन्सी मालसामान आवश्यकताका आधारमा अन्य विद्यालयहरूलाई हस्तान्तरण गरी उपयोगमा ल्याइनेछ ।

६४. **विद्यार्थी शिक्षा कार्यक्रम** मार्फत विद्यार्थीहरूलाई "**Career Counselling**" शिक्षा तथा जीवनोपयोगी शिक्षा सञ्चालन गरी विद्यालय शिक्षालाई रोजगारसँग तादात्म्यता कायम गर्न आवश्यक पहल गरिनेछ ।

६५. **पढ्दै कमाउँदै** कार्यक्रमको सम्भाव्यता अध्ययन गरी प्राप्त नतिजाको आधारमा पढ्दै कमाउँदै कार्यक्रम लागु गरिनेछ ।

६६. विद्यालयहरूलाई स्थानीय विषयको पाठ्यपुस्तक समयमै उपलब्ध गराइ स्थानीय पाठ्यपुस्तक मार्फत स्थानीय भाषा, कला, साहित्य, ज्ञान, सिप र प्रविधिको संरक्षण र हस्तान्तरणमा जोड दिइनेछ ।

६७. समुदायमा विभिन्न सिप भएका तर प्रमाणपत्र नभएका व्यक्तिहरूको सम्बन्धमा सिप परीक्षण गरी प्रमाणीकरणका लागि आवश्यक पहल गरिनेछ ।

६८. अनौपचारिक शिक्षालाई औपचारिक शिक्षाको विकल्पको रूपमा लिइ सामुदायिक सिकाइ केन्द्रबाट अनौपचारिक शिक्षा तथा सिप विकासका तालिमहरू सञ्चालन गरिनेछ ।

६९. धार्मिक विद्यालयहरूको सञ्चालन र व्यवस्थापनमा प्रभावकारिता ल्याई परम्परागत शिक्षाको संरक्षण र सम्बर्धन गरिनेछ ।

७०. विद्यालय क्षेत्रमा जङ्कफुडको प्रयोगलाई निरुत्साहित गर्दै स्थानीय स्तरमा उत्पादन भएका खाद्य वस्तुहरूको उपयोगमा जोड दिइनेछ ।

७१. विद्यालयको गुणस्तरमा सुधार गर्न अनुगमनलाई जोड दिइनेछ । साथै शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक पेसागत सङ्घ, संगठन, राजनैतिक दललगायत सम्बद्ध सबैलाई जिम्मेवार बनाइनेछ ।

७२. अतिरिक्त क्रियाकलाप मार्फत विद्यार्थीमा जीवनोपयोगी सिप तथा सकारात्मक सोच र व्यवहारको विकास गर्न प्रत्येक महिनाको अन्तिम शुक्रबारलाई **"Book Free Day"** घोषणा गरी कार्यान्वयनमा ल्याइदै आएकोमा उक्त कार्यक्रमलाई थप व्यवस्थित गर्दै निरन्तरता प्रदान गरिनेछ ।

७३. **"BIG SCHOOL"** निर्माण गर्ने अवधारणालाई जोड दिइ विद्यालयहरूको शिक्षक विद्यार्थी अनुपात तथा भौगोलिक अवस्थालाई समेत ध्यान दिइ शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजनको कार्यलाई निरन्तरता दिइनेछ ।

७४. शिक्षण सिकाइ सहजीकरण क्रियाकलापमा प्रविधिलाई जोड दिदै उक्त क्षेत्रमा बजेट विनियोजन गरी प्रविधिमैत्री सिकाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५. शिक्षकहरूलाई आफ्नो कार्यसम्पादनमा प्रभावकारिता ल्याउन, सिकाइ सहजीकरण क्रियाकलापलाई थप प्रभावकारी बनाउन **शिक्षक पेसागत विकासका कार्यक्रम**हरूलाई निरन्तरता दिइनेछ ।

७६. सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा वि.व्य.स अध्यक्षहरूलाई असल व्यवस्थापकको चिनारी प्रदान गर्न नेतृत्व विकास सम्बन्धी तालिम प्रदान गरिनेछ ।

७७. प्राविधिक शिक्षाको आवश्यकता र महत्वलाई ध्यान दिइ सो क्षेत्रमा विद्यार्थीको आकर्षण बढाउन एग्रो फरेष्ट्री पोलीटेक्निक इन्स्टिच्युट मथुरामा गाउँपालिका भित्रका विद्यार्थीहरूको पहुँच बढाउन निश्चित कोटामा आधारित पूर्ण छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ । श्री सरस्वती माध्यमिक विद्यालय छत्रदेव-७ मा सिभिल इन्जिनियरिङ तर्फ बाहिरी विद्यालयबाट अध्ययन गर्न आउने विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

७८. विद्यालयका शिक्षकहरूलाई कम्प्यूटर तथा **IEMIS** तालिमको व्यवस्था गरी शिक्षण सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमैत्री बनाउनुका साथै विद्यालयले **IEMIS** भर्ने कार्यलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।

७९. **"संस्कारयुक्त गुणस्तरीय शिक्षा"** को मान्यतालाई ध्यान दिइ गुणस्तरका सम्पूर्ण सूचकहरूको विश्लेषण गरी शिक्षालाई गुणस्तरीय र संस्कारयुक्त बनाउन जोड दिइनेछ ।

८०. बालबालिकालाई आधारभूत शिक्षा निःशुल्क र अनिवार्य रुपमा उपलब्ध गराउन विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याइनेछ । विभिन्न कारणले विद्यालय छोड्ने विद्यार्थीहरूलाई विद्यालयमा टिकाउन जीवनपयोगी ज्ञान र सिप सिकाउन शिक्षकहरूलाई उत्प्रेरित गरिनेछ ।

८१. विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री बनाउनुका साथै सुशासनमा जोड दिइनेछ ।

८२. **योग कार्यक्रम मार्फत** शिक्षकहरूमा सकारात्मक ज्ञान, सिप र धारणाको विकास गर्न **"विद्यालय योग शिक्षा कार्यक्रम"**लाई निरन्तरता दिइनेछ ।

८३. विद्यार्थीहरूको सर्वाङ्गिण विकासका लागि जोड दिन समय-समयमा आवश्यकतामा आधारित विद्यार्थी प्रतिभा प्रस्फुटनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८४. बालविकास सहजकर्ता, विद्यालय सहयोगी, विद्यालय कर्मचारी, सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरूलाई गाउँपालिकाले उपलब्ध गराउदै आएको प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ ।

८५. समुदायमा आधारित बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्रहरूलाई व्यवस्थापन अनुदान रकम उपलब्ध गराइ सञ्चालनमा थप प्रभावकारिता ल्याउने कार्यलाई निरन्तरता दिइनेछ ।

८६. गाउँपालिकाको शैक्षिक योजना, कार्यक्रमहरू तथा अन्य शैक्षिक पक्षहरू समावेश गरी वार्षिक शैक्षिक कार्यतालिका निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

८७. गाउँपालिकाका विद्यालयहरूमा सञ्चालन हुने त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाहरूलाई प्रभावकारी, विश्वसनीय, वस्तुनिष्ठ र वैध बनाउन गाउँपालिकाको आधारभूत तह परीक्षा समिति, शैक्षिक मूल्याङ्कन परिषद्लाई थप जिम्मेवार बनाइनुका साथै विभिन्न परीक्षाहरूको प्रभावकारी ढङ्गबाट अनुगमन गरिनेछ । विद्यार्थीहरूको सिकाइ उपलब्धी मापन गर्न कक्षा ३ तथा कक्षा ५ को परीक्षासमेत सञ्चालन गरिनेछ । साथै नतिजाको समीक्षा गरी सुधारमा जोड दिइनेछ ।

८८. विभिन्न परीक्षाको नतिजाको विश्लेषण गरी कमजोर नतिजा ल्याउने विद्यालयहरूलाई सुधारका लागि थप जिम्मेवार बनाइने छ साथै उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा विद्यालयलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

८९. निजी विद्यालयहरूका असल अभ्यासहरूलाई सार्वजनिक विद्यालयहरूमा लागु गर्न सम्बद्ध पक्षहरूसँग आवश्यक छलफल गरी अनुभव आदानप्रदान गरिनेछ ।

९०. सामुदायिक विद्यालयमा विद्यार्थीहरूको आकर्षण बढाउन कक्षा नर्सरी, एल.के.जी. मा अङ्ग्रेजी माध्यमको निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९१. छत्रदेव गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक निर्माण तथा कक्षा १-३ को विद्यार्थी मूल्याङ्कन फाराम छपाइका लागि बजेटको व्यवस्थापन गरी विद्यार्थीहरूलाई निःशुल्क वितरण गरिनेछ ।

९२. विद्यार्थीहरूको नतिजालाई शिक्षकको शैक्षिक मूल्याङ्कनको आधारका रुपमा लिइ कार्यसम्पादन मापन गरिनेछ ।

९३. सबै वडामा रहेका खेल मैदान, कभर्ड हल तथा व्यायामशालालाई निरन्तर उपयोग गरी युवाहरूलाई खेलको माध्यमबाट स्वस्थ र अनुशासित जीवनशैली बिताउने तथा सभ्य समाज निर्माण गर्ने र सामूहिक भावनाको विकास गराउने कार्यमा जोड दिइनेछ । साथै निर्मित संरचनाहरूको रेखदेख, सञ्चालन र व्यवस्थापनका लागि स्थानीय नागरिक समाज र सङ्घ संस्थाहरूलाई जिम्मेवार बनाइनेछ ।

९४. गाउँपालिकाबाट निर्माणाधीन अवस्थामा रहेका पार्कहरुको वृक्षरोपण मार्फत सौन्दर्यीकरण गरिने नीति लिइनेछ ।

९५. खेलाडीहरूमा रहेको प्रतिभालाई थप विकसित गर्न, जिल्ला स्तर, प्रदेश स्तर र राष्ट्रिय स्तरमा आयोजना हुने खेलकुदमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन अभ्यास खेलहरूमा जोड दिइनेछ । त्यस्ता प्रतिस्पर्धामा भाग लिने खेलाडीहरूलाई गाउँपालिकाबाट प्रोत्साहन गरिनेछ । युवा क्लबहरूलाई खेलकुदको विकासमा लाग्न प्रोत्साहन गरिनेछ । अध्यक्ष कप भलिबल प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

९६. छत्रदेव रङ्गशालामा विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्नका लागि रङ्गशालाको स्तरोन्नती गर्दै यसको संरक्षण र सम्बर्धनमा विशेष जोड दिइनेछ ।

९७. विकासका हरेक क्रियाकलापहरूमा युवाहरूको अर्थपूर्ण सहभागितालाई जोड दिइनेछ । युवा लक्षित विभिन्न सिपमुलक तालिमहरू सञ्चालन गरी स्वरोजगार बनाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९८. गाउँपालिका भित्र रहेका मन्दिर, पाटी पौवा, मस्जिद, परम्परागत नाच, धार्मिक सांस्कृतिक मूल्य-मान्यता र सम्पदाहरूको जगेर्नामा युवाहरूको भूमिकालाई जोड दिइनेछ ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

**सामाजिक सुरक्षा तथा संरक्षण**

**श्रम, रोजगार तथा सिप विकास**

९९. यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई उत्पादनमुलक कार्यमा जोड्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरू सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ ।

१००. **रोजगार संवाद मञ्च सञ्चालन** गरी आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्यमा जोड दिइनेछ ।

१०१. **"स्थानीय सरकार, रोजगारीको आधार"** भन्ने मूल नारालाई आत्मसाथ गर्दै सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा रोजगार सेवा केन्द्रबाट एकीकृत रोजगारमुलक सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

१०२. गाउँपालिकाबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको लगत सङ्कलन र छत्रदेव भित्रका स्वरोजगार र आन्तरिक रोजगारसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी रोजगारी सिर्जना तथा मागबमोजिमका रोजगारका अवसरहरूको पहिचान र विवरण सङ्कलन गरी **विदेशको पसिना छत्रदेवमा लगानी** कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३. सरकारको वैदेशिक नीति, विदेशमा माग हुने सिप तथा आन्तरिक र वैदेशिक रोजगारीका सम्बन्धमा माध्यमिक तहका विद्यार्थीहरुलाई खाली समय उपयोग गरी अभिमुखीकरण गरिनेछ ।

१०४. छत्रदेव गाउँपालिकाको रोजगार रणनीति तर्जुमा कार्यलाई अन्तिम रुप दिइ प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१०५. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको अनलाईन आवेदन प्रक्रियामा सहजीकरण गरिनुका साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायताका लागि सहजीकरण गरिनेछ ।

१०६. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूका लागि आवश्यक सहजीकरण र औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न पहल गरिनेछ ।

१०७. **"श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम"** अन्तर्गत श्रमिकको सम्मान र सहचारितामा अभिवृद्धि गर्ने तथा आन्तरिक रोजगारी सिर्जना सम्बन्धमा जनचेतनामुलक क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

१०८. छत्रदेव भित्र रहेका पुराना सिप जस्तैः- बासँको काम, माटाको भाँडा बनाउने कामलाई प्रोत्साहन गरिनेछ ।

१०९. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीलाई प्रवर्धन गर्न श्रम बजारमा माग भएबमोजिमका सिपमुलक तालिमको पहिचान गर्दै बेरोजगार व्यक्तिलाई तालिम प्रदायक सस्थासँग समन्वय गरी तालिम प्रदान गरिनेछ ।

११०. गाउँपालिका भित्र लगानीको वातावरण सिर्जना गर्न र यहाँका आवश्यकता र अवसरहरुको पहिचान, व्यवस्थापन र बजारीकरणमा विस्तार गरी लगानी प्रवर्धन गर्न लगानी सम्मेलन गरिनेछ ।

१११. गाउँपालिका भित्र रहेको कृषियोग्य बाँझो जमिनको लगत सङ्कलन गर्ने र सूचीकृत बेरोजगार व्यक्तिहरूको परिचालन मार्फत् **कृषि लगानीमा वृद्धि, छत्रदेवको समृद्धि** कार्यक्रम सञ्चालन गरिनेछ ।

११२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने श्रममुलक आयोजनाहरूमा लाग्ने निर्माण सामग्री/औजारहरू तथा आयोजनामा खटिने दक्ष श्रमिकको ज्यालामा साझेदारी गरी कार्यक्रमलाई थप सशक्त बनाउँदै गाउँपालिका स्तरीय नियमित विकास निर्माणका योजनाहरूमा आवश्यक श्रमिकहरूको परिपूर्तिका लागि रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।

११३. सङ्घीय तथा प्रदेश सरकारले ल्याएका रोजगारमुलक कार्यक्रममा अपनत्व कायम गर्दै आन्तरिक रोजगारीमा वृद्धि गर्ने क्रियाकलापहरू सञ्चालन र वैदेशिक रोजगारीलाई मर्यादित बनाउन पहल गरिनेछ ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

**स्वास्थ्य**

११४. **छत्रदेवको प्रतिबद्धता, आधाभूत स्वास्थ्य सेवाको सुनिश्चितता** भन्ने नारालाई आत्मसात गर्दै आधारभूत स्वास्थ्य सेवा सहज र निःशुल्क रुपमा पाउने संविधान प्रदत्त नागरिकको हकलाई सुरक्षित गर्न नागरिकलाई सहज रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । महिलाहरूको प्रजनन् स्वास्थ्य समस्याको पहिचान तथा व्यवस्थापन, पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ जस्ता सेवाको माध्यमबाट जटिल अवस्थामा पुगेपछि मात्र निदान तथा उपचार हुने अवस्थाको न्यूनीकरणका लागि पहल गरिनेछ ।सङ्घीय सरकारको सहयोगमा लक्षित समूहलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप उपलब्ध गराइनेछ ।

११५. गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट किशोरकिशोरी मैत्री सेवा सञ्चालन गरी किशोरकिशोरीका स्वास्थ्य समस्याहरूको समाधानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

११६. गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताका लागि स्वास्थ्य संस्थाहरूलाई पूर्वाधारयुक्त बनाउने कार्यको प्राथमिकतालाई निरन्तरता दिइ मापदण्ड अनुसारको भवन नभएका स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको भवन निर्माण तथा भवन भएका स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको थप पूर्वाधार निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । निर्माणाधीन आधारभूत अस्पतालको निर्माण कार्य समयमै सम्पन्न गराई सुविधा सम्पन्न संरचनाबाट सेवा प्रदान गर्ने वातावरण तयार गरिनेछ ।

११७. गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थामा **स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड (HP-MSS)** कार्यन्वयनलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सुरक्षा र संरक्षणमा विशेष ध्यान दिइनेछ ।

११८. **समुदायको सहभागिता, क्षयरोग मुक्त गाउँपालिका** अभियान मार्फत क्षयरोग मुक्त नेपाल घोषणा अभियान निर्देशिका, २०७८ ले निर्देशित गरे अनुसारका क्रियाकलाप सञ्चालन गरी गाउँपालिकालाई क्षयरोग मुक्त गाउँपालिका निर्माणका लागि आधार तयार गरिनेछ । नागरिकको सहभागितामा क्षयरोगको रोकथाम तथा नियन्त्रणका क्रियाकलापहरूलाई प्रभावकारी रुपमा सञ्चालन गर्न पहल गरिनेछ ।

११९. स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाइ अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरूमा आवश्यक पर्ने औषधी, स्वास्थ्य सामग्रीहरू, **HMIS Tools** तथा मसलन्द सामग्रीहरूको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाइ नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइ स्वास्थ्य सेवाका हरेक सूचकहरूमा लक्ष्यअनुरुप प्रगति हासिल गर्न निरन्तर पहल गरिनेछ ।

१२०. विगत देखि कायम रहेको पूर्णखोपको अवस्थालाई कायम राख्न **खोज र खोप**को नीति अवलम्बन गरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता कायम गरिनेछ, **सुरक्षित सुई**को मान्यतालाई आत्मसात् गर्दै खोप सेवालाई सहज र सुरक्षित तरिकाले प्रदान गर्न आफ्नै खोप केन्द्र नभएका स्थानमा नयाँ खोप केन्द्र निर्माण तथा व्यवस्थापन कार्य अगाडि बढाइनेछ । भ्याक्सिनको उपलब्धताका आधारमा कोभिड-१९ विरुद्धको खोपको थप मात्रा उपलब्ध गराइ कोभिड-१९ को जोखिम कम गरिनेछ ।

१२१. राष्ट्रले लिएको दिगो विकास लक्ष्यलाई आत्मसात् गर्दै **शून्य घरमा प्रसूती**को नीति अवलम्बन गरी क्रमिक रुपमा वडाहरूलाई **शून्य घरमा प्रसूती वडा**को रुपमा घोषणा गर्दै गाउँपालिकालाई **शून्य घरमा प्रसूती गाउँपालिका**को रुपमा अघि बढाइनेछ । गाउँपालिका भित्रका बर्थिङ सेन्टरमा प्रसूती हुन आउने गर्भवती महिलालाई निःशुल्क यातायात तथा जटिलतायुक्त प्रसूती हुनु पर्ने गर्भवती महिलालाई नजिकको **CEONC** केन्द्रसम्म जानका लागि यातायात खर्चको व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइनेछ । स्वास्थ्यकर्मीबाट घरमै सुत्केरी तथा नवशिशुको जाँचभेट गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

१२२. मातृशिशु स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन विगत देखि सञ्चालनमा रहेको **उपाध्यक्ष मातृशिशु स्वास्थ्य तथा पोषण कार्यक्रम**लाई थप प्रभावकारी र सेवाग्राही मैत्री बनाइ आमा र बालबालिकाको स्वास्थ्य प्रवर्धनमा जोड दिनुका साथै उक्त कार्यक्रमको सहयोगमा सुरक्षित मातृत्व तथा पोषण सेवाको उपभोग बढाइ सम्बन्धित सूचकहरूको प्रगतिमा सुधार ल्याउन पहल गरिनेछ । यसै गरी कुपोषणको रोकथाम तथा नियन्त्रणका लागि बालबालिकाको नियमित वृद्धि अनुगमन कार्यलाई प्रभावकारी बनाई **पोषण मैत्री स्वास्थ्य संस्था** घोषणा गर्दै क्रमिक रुपमा गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थालाई **पोषण मैत्री स्वास्थ्य संस्था** बनाउने नीति अवलम्बन गरिनेछ ।

१२३. **स्वस्थकर आहार तथा व्यवहार, स्वास्थ्यको आधार** भन्ने नारालाई आत्मसात् गर्दै नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका क्रियाकलापहरूलाई थप प्रभावकारी बनाइनेछ ।समुदायमा लुकेर रहेका, विभिन्न कारणले अस्पतालसम्म जान नसकेका शङ्कास्पद नसर्ने रोगका बिरामीहरूको स्वास्थ्य परीक्षण गरी समयमै रोग पत्ता लगाई उपचारमा आबद्ध गरी स्वास्थ्य जोखिमलाई कम गर्न गाउँपालिकामा समय समयमा विभिन्न सहयोगी सङ्घ संस्थाहरूको समेत सहयोग लिई विशेषज्ञसहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१२४. स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोवल वृद्धि गर्दै भौतिक तथा पेसागत सुरक्षा सुनिश्चित गर्दै स्वास्थ्य जनशक्तिको दक्षता अभिवृद्धिका लागि सङ्घ तथा प्रदेशसँग समन्वय गरी तालिम उपलब्ध गराइनेछ भने स्थानीय स्तरमा उपलब्ध गराउन सकिने क्षमता अभिवृद्धि तालिमका लागि आवश्यक व्यवस्था गरिनेछ ।स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाका कर्मचारीहरूलाई प्रविधिमैत्री बनाउँदै सबै स्वास्थ्य संस्थाबाट तथ्याङ्क प्रविष्टि गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूको आपूर्ति व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउन प्रदेश सरकारसँगको सहकार्यमा **eLMIS** प्रणालीको सुरुवात गरिनेछ ।

१२५. बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालित स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउनुका साथै गाउँपालिका भित्रका विपन्न नागरिकहरूका लागि निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ । विगतदेखि सञ्चालनमा रहेको सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२६. गाउँपालिका अन्तर्गत कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाले प्रतिकारात्मक तथा प्रवर्धनात्मक सेवामा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको मनोवल बढाउन विगतदेखि उपलब्ध गराउँदै आएका यातायात तथा खाजा, सञ्चार खर्च, निःशुल्क स्वास्थ्य बिमा, कामको आधारमा सम्मान तथा पुरस्कार प्रदान जस्ता कार्यहरूलाई निरन्तरता प्रदान गर्दै समय सापेक्ष बनाउँदै लगिनेछ ।

१२७. **स्थानीय सरकार अशक्त नागरिकको आधार** भन्ने मर्म अनुसार आधारभूत स्वास्थ्य सेवाको सहज पहुँच पुग्न नसकेका अति अशक्त अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूका लागि प्रदेश सरकारसँगको समन्वयमा स्वास्थ्यकर्मीहरूद्वारा घरमै स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । दीर्घरोगीहरूका लागि नियमित सेवन गर्नुपर्ने औषधीको उपलब्धताका लागि आवश्यक पहल गरिनेछ ।

१२८. विभिन्न खालका नसर्ने रोगहरू तथा कोभिड-१९ लगायतका सङ्क्रामक रोगहरूको रोकथाम तथा नियन्त्रण सम्बन्धी विषयमा विद्यालय, आमा समूह तथा स्थानीय तहमा **स्वास्थ्यका लागि सामाजिक व्यवहार** प्रवर्धन अभियान सञ्चालन गरी स्वास्थ्य शिक्षा प्रदान गरी स्वस्थकर व्यवहार अवलम्बन गर्न प्रेरित गरिनेछ । सङ्क्रामक रोगको समयमै पहिचान गरी रोकथाम तथा नियन्त्रणका उपायहरू अवलम्बन गर्न नागरिकहरूलाई सुसूचित गर्दै सङ्क्रमण फैलिने दर र धनजनको क्षतिलाई न्यूनीकरण गरिनेछ । महामारी तथा आउन सक्ने सङ्क्रामक रोगहरूको पहिचान, नियन्त्रण तथा उपचार व्यवस्थापनका लागि स्वास्थ्यकर्मीसहितको **Rapid Response Team(RRT)** तयारी अवस्थामा राखी परिचालन गरिनेछ ।

१२९. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरी विद्यालयमा शैक्षिक शत्रको सुरुवातमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षणको व्यवस्था गरी समस्यायुक्त विद्यार्थीहरूको समयमै पहिचान गरी उनीहरूको स्वास्थ्य थप बिग्रनबाट जोगाउन मद्दत गरिनेछ । परजीवि नियन्त्रणका लागि ६/६ महिनामा जुकाको औषधी वितरण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।साथै हाल सामुदायिक विद्यालयका किशोरीहरुलाई आइरन चक्की वितरण गर्दै आएको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१३०. आयुर्वेद र प्राकृतिक चिकित्सा पद्धतिलाई प्रवर्धन गर्न नागरिक आरोग्य केन्द्रबाट प्रदान हुने सेवालाई थप प्रभावकारी बनाइनेछ । नागरिक आरोग्य केन्द्र मार्फत सञ्चालन हुने सेवालाई नागरिक मैत्री बनाउन र नागरिकको पहुँचमा पुऱ्याउन आवश्यक पहल गरिनेछ ।

१३१. वैदेशिक रोजगारीलगायतका कारणले देश बाहिर रहेका नागरिकका आफन्तको मृत्यु भएको अवस्थामा त्यसरी वैदेशिक रोजगारीमा गएको व्यक्ति दाह संस्कारमा संलग्न हुनुपर्ने अवस्थामा आउने समयसम्मका लागि मृतकको शवलाई भण्डारण गरी राख्न र पोष्टमार्टम गर्नुपर्ने शवलाई समेत सुरक्षित राख्नका लागि बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा संरचना तथा उपकरणको व्यवस्था गरिनेछ ।

१३२. आकस्मिक उपचारको क्रममा रगतको उपलब्धता नहुँदा नागरिकको जीवन जोखिममा नपरोस भन्नका लागि सामाजिक सङ्घ संस्थाहरूसँगको सहकार्यमा छत्रदेववासी नागरिकलाई उपचारको क्रममा रगतको आवश्यकता पर्दा निःशुल्क रगतको उपलब्धता गराउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१३३. हाल सामुदायिक विद्यालयहरुमा गरिदै आएको सेनेटरीप्याड वितरण कार्यक्रमलाई निरन्तरता दिदै सेनेटरीप्याड बिसर्जन गर्ने कार्यलाई थप व्यवस्थापन गर्न विशेष योजना बनाइनेछ ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

१३४. विपद् र महामारीको पूर्वतयारी तथा प्रतिकार्यका लागि वडा स्तरमा गठित समितिलाई थप क्रियाशील बनाइनेछ । विपद्बाट हुने क्षतिको न्यूनीकरणका लागि गाउँपालिका स्तरीय मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ को कार्यान्वयन गरी विपद् पूर्वतयारीलाई जोड दिइनेछ । विपद्को समयमा तत्काल उद्धारका लागि **Rapid Response Team(RRT)** लाई आवश्यक सामग्रीसहित परिचालन गरिनेछ ।

१३५. विपद्मा परेका नागरिकको उद्धार तथा राहतका लागि स्थापना गरिएको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिदै राहत तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाइनेछ । विपद्सँग जुध्न आवश्यक सामग्री तथा जनशक्तिको व्यवस्था गरिनेछ । विपद् प्रतिकार्यका लागि सहयोगी संस्थाहरू, प्रदेश सरकार तथा सङ्घीय सरकारका साथै छिमेकी स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ ।

१३६. जैविक विविधताको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरणमा ध्यान दिइनेछ । जल तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न पानीका मुहानहरू एवम् जलाधार क्षेत्रहरूको संरक्षणमा जोड दिइनेछ ।

१३७. सामुदायिक वन उपभोक्ता समितिहरूलाई सामुदायिक वनबाट अधिकतम लाभ लिने गरी त्यसको उपयोग गर्न अभिप्रेरित गरिनेछ । कृषि क्षेत्रमा जङ्गली जनावरको कारण हुने क्षतीलाई कम गर्दै नागरिकको जोखिमलाई कम गर्न वैज्ञानिक वन व्यवस्थापनलाई जोड दिदै सामुदयिक तथा सरकारी वनको संरक्षण गरिनेछ । सामुदायिक वनमा जडीबुटीजन्य र फलफूलका बिरुवा रोप्ने कार्यमा सहयोग उपलब्ध गराइनेछ ।

१३८. जलवायु परिवर्तनको असर न्यूनीकरण गरी वातावरण संरक्षण गर्नका लागि **एक वडा, एक रिचार्ज पोखरी निर्माण** कार्यलाई अगाडी बढाइनेछ ।

१३९. गाउँपालिका भित्रका सम्भावित भू-क्षय तथा कटानग्रस्त क्षेत्रको नक्साङ्कन गरी भू-क्षय तथा कटानग्रस्त क्षेत्रको संरक्षण गरी विपद् न्यूनीकरणका लागि आवश्यक पहल गरिनेछ । वरेलडाँडा पहिरो, बाँझापोखरा पहिरो, थुम पहिरो, माइकाथान पहिरो, कृषि क्याम्पस पहिरो, खुर्सानीबारी पहिरो, चोरझुण्डा देउराली पहिरो, ढिकुरा टाकुरा पहहिरो, नियन्त्रणका साथै जरेखोला, खर्ज्याङ खोला, सौर्य खोला, सेरीखोला, बगाहा खोला, बौवा खोला एवम् जुम्ली कुलो बाँधमा भएका खोलाहरूबाट हुने कटान रोक्न तटबन्धको निर्माण गर्न प्रदेश

सरकार तथा सङ्घीय सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ । भू-क्षयको जोखिमलाई कम गर्न गाउँपालिका क्षेत्रभित्र हुने निर्माण कार्यमा आवश्यक बाहेक हेभी इक्विपमेन्टको प्रयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

१४०. आगलागीका कारण जैविक विविधता तथा प्राकृतिक सन्तुलनमा नकारात्मक असर पर्ने भएकाले सुख्खा मौसममा निजी, सामुदायिक तथा सरकारी वनमा आगो लगाउने प्रवृत्तिको अन्त्य गरी जङ्गलमा बस्ने पशुपन्छीहरूको नोकसानीलाई कम गर्नुका साथै धनजनको क्षतीलाई कम गर्न पहल गरिनेछ । आगलागीका कारण हुने धन जनको क्षतीको जोखिमलाई कम गर्न छिमेकी स्थानीय तहसँगको सहकार्यमा दमकलको व्यवस्था गर्न पहल गरिनेछ ।

१४१. विपद् आउनुपूर्व, विपद्को समयमा तथा विपद् पश्चात सञ्चालन गर्नुपर्ने क्रियाकलापहरूलाई सहज तथा सरल बनाइ नागरिकको धन जनको क्षती तथा जोखिम कम गर्न सरोकारवाला सङ्घ संस्थाहरू, सुरक्षा निकाय, आम नागरिक साथै छिमेकी स्थानीय तहसँगको सहकार्यलाई थप प्रभावकारी बनाइनेछ ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

**लैङ्गिक समानता तथा समावेशीकरण**

१४२. बेरोजगार युवाशक्ति, सामाजिक, आर्थिक तथा विविध कारणले पछि परेका दलित, महिला तथा पछाडि परेका समुदायका नागरिकलाई सिपमुलक तालिमको माध्यमबाट रोजगारी सिर्जना गरी आत्मनिर्भर बनाउन पहल गरिनेछ ।

१४३. लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणका लागि लैङ्गिक हिंसामुक्त स्थानीय तहको अवधारणा अनुरुप कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अति विपन्नहरूका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१४४. महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय सन्धी **(CEDAW),** बेईजिङ्ग सम्मेलन र **ILO** सन्धी सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । बालविवाह, बहुविवाह र बालश्रम सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४५. न्यायिक कार्यसम्पादनलाई थप प्रभावकारी बनाउँदै अन्तर स्थानीय तह अनुभव आदान प्रदान गरिनेछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा २ बमोजिमका विवादका निवेदनहरू गाउँपालिकाका सबै वडाहरूमा दर्ता गरी मेलमिलापको माध्यमबाट समस्या समाधान गर्न पहल गरिनेछ ।

१४६. नेपाल सरकारले तय गरेका बहुक्षेत्रीय सरोकारका विषयहरुः लैङ्गिक समानता तथा समावेशीकरण, बालमैत्री स्थानीय शासन, अपाङ्गमैत्री कार्यक्रम, ज्येष्ठ नागरिकमैत्री, पोषणमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय कार्यक्रमहरू कार्यान्वयनका लागि उक्त नीतिहरू बमोजिम क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । यस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि टोल विकास संस्थाहरूको क्षमता विकास गरी परिचालन गरिनेछ ।

१४७. लैङ्गिक समानता तथा समावेशीकरण रणनीतिका आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रम सञ्चालन गरिनेछ । लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षणलाई निरन्तरता दिइनेछ ।

१४८. सामाजिक विभेदको न्यूनीकरणका लागि बालश्रम, बालविवाह, बहुविवाह दाईजो बोक्सी जस्ता प्रथाहरू न्यूनीकरण गर्न, छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र महिला / घरेलु हिंसा जस्ता घटनाहरूमा कमी ल्याउन विभिन्न सचेतनामुलक कार्यक्रमहरू, कानुनी साक्षरता कार्यक्रमहरू बहस, पैरवीहरू

सञ्चालन गरी सामाजिक सहिष्णुता र सौहार्दतासहितको समातामुलक समाजको आधार तयार गर्न प्रयत्न गरिनेछ ।

१४९. दलित, आदिवासी जनजाती तथा अन्य वर्गका लागि सिपमुलक, आयमुलक तालिम सञ्चालन गरिनेछ ।

१५०. नेपालको संविधानले लैङ्गिक विभदेको अन्त्य गर्दै पछाडि परेको वर्ग तथा समुदाय, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिकलाई राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूति गरेको छ । आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

१५१. ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई सम्मान गर्दै गाउँपालिका क्षेत्रको विकासमा प्रयोग गर्ने नीति लिइनेछ । ज्येष्ठ नागरिक लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । सबै वडामा क्रमशः वाद्यवाधन सहितको ज्येष्ठ नागरिक मिलनकेन्द्र व्यवस्थापन गरिनेछ ।

१५२. संविधानले बालवालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता विषयहरूलाई समेटेको छ । बालवालिका तथा किशोर किशोरीहरूलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार प्रयोग गर्न योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने नीति लिइनेछ ।

१५३. प्रत्येक वडामा बाल अधिकार संरक्षण एवम् प्रर्वधन गर्दै शिक्षाको उज्यालो ज्योतिसम्म सहज पहुँचका लागि बाल क्लबहरूको गठन गर्दै उनीहरूको क्षमता विकास मार्फत रचनात्मक क्रियाकलाप सघन रुपमा सञ्चालन गर्दै बालमैत्री स्थानीय शासन कामय गर्न पहल गरिनेछ ।

१५४. गाउँपालिका भित्रका अपाङ्ग परिचय पत्र प्राप्त नगरेका नागरिकलाई परिचय पत्र वितरणलाई निरन्तरता दिइनेछ ।सबै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनका लागि पुनःस्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीहरूको व्यवस्था गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

१५५. महिलाहरूको मूलप्रवाहीकरण, समावेशीकरण तथा सशक्तीकरणका लागि उनीहरूको सिप तथा क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिइ पिछडिएका विपन्न एकल तथा बेरोजगार महिलाहरूलाई स्वरोजगार बनाउने नीति लिइनेछ ।

१५६. सङ्गठन, बचत र सिप विकासको माध्यमबाट गरिबी न्यूनीकरण गर्ने उद्देश्यले समुदायमा पिछडिएका व्यक्तिहरूको सामाजिक, आर्थिक सशक्तिकरणमा टेवा पुर्‍याउन सामुदायिक संस्थाका सदस्यहरूलाई विभिन्न जनचेतनामुलक, क्षमतामुलक र आयमुलक कार्यक्रम सञ्चालन गरी स्वावलम्बी र आत्मनिर्भर बन्न प्रेरित गरिनेछ ।

१५७. बालबालिकाको सामाजिक, बौद्धिक तथा संवेगात्मक र नैतिक विकासका लागि **बालबालिकासँग अध्यक्ष कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

१५८. गाउँपालिका भित्रका १३ वर्ष देखि १९ वर्ष उमेर समुहका किशोरीहरुको मनोभावना बुझ्न र समाधानका लागि **"किशोरी सँगै उपाध्यक्ष"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।किशोरी आत्मरक्षाका तालिमहरू प्रदान गर्ने कार्यक्रमहरूलई निरन्तरता दिइनेछ ।

१५९. घरेलु हिंसा र ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह सम्बन्धी विवादलाई न्यायिक समितिले प्राथमिकताका साथ छिटो छरितो रुपमा निरुपण गर्ने नीति लिइनेछ ।

१६०. एकल महिला तथा पुरुषको लागि उपलब्ध गराउदै आएको भत्तालाई निरन्तरता दिइने छ ।

१६१. समाज र परिवारमा खुसी ल्याउन **असल बुहारी सम्मान कार्यक्रम** कार्यान्वयनमा ल्याइनेछ ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

**संस्थागत विकास, सुशासन र सार्वजनिक सेवा प्रवाह**

**१६२.** नेपालको संविधान, प्रचलित सङ्घीय, प्रदेश तथा स्थानीय कानुनबमोजिम जनतालाई प्रत्याभूत भएका सार्वजनिक सेवाहरूमा सुशासन कायम गर्न सङ्घीय शासन व्यवस्थाको मर्म तथा जनताको सबैभन्दा नजिकको सरकार भएकाले सेवा प्रवाहलाई प्रभावकारी बनाइ जनताको दैनिक जनजीवनलाई सहज बनाउन निरन्तर अनुगमन, परिमार्जन तथा सूचना प्रविधिमा आधारित बनाइ परिष्कृत गरिनेछ ।

**१६३.** गुणस्तरीय सेवाले लोकतान्त्रिक सुशासन विस्तार गर्दछ । सार्वजनिक सेवा नै सरकार र जनताको भेट हुने सङ्गमस्थल भएकाले यसबाट सरकार र यसका सेवा प्रदायक अङ्गहरूको कार्यकुशलता तथा प्रभावकारिताको मापन गर्ने नीति लिइनेछ ।

**१६४.** सुशासन नै लोकतन्त्रको आधारस्तम्भ हो । सार्वजनिक प्रशासनमा सुशासनलाई अपरिहार्य तत्व मान्नुका पछाडि सरकारको सेवा प्रवाह गर्ने प्रक्रियामा सरलीकरण, पारदर्शिता र जिम्मेवारीबारे स्पष्ट बोध गराइ सेवा प्रदायक र सेवाग्राहीबिच दोहोरो सम्बन्ध, भरोसा र अपनत्वको भावनालाई आत्मसात गरिनेछ ।

**१६५.** प्रशासनिक कार्यशैलीमा समयानुकूल परिवर्तन, परिमार्जन एवम् सुधार गरी सर्वसाधारण सेवाग्राहीले असल शासनको पूर्ण रुपमा बहाली भएको अनुभूत गर्न सक्ने गरी सार्वजनिक सेवा प्रवाह गरिनेछ ।आन्तरिक नियन्त्रण प्रणालिमा जोड दिइनेछ ।

**१६६.** गाउँपालिकामा यस आ. व. सम्म कार्यान्वयनमा आएका कानुनहरु लिपिबद्ध गरी कानुन सङ्ग्रह पुस्तिका तयार गरिनेछ ।

**१६७.** गाउँपालिका भित्रको सार्वजनिक सेवा लिनका लागि सहज होस् भन्ने उद्देश्यले नागरिकले कार्यालयभित्र फाइल बोकेर हिंड्ने परम्पराको अन्त्य गरिनेछ । त्यसका लागि छुट्टै "**नागरिक सहायता कक्ष**" राखी सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**१६८.** सबै वडा कार्यालयमा २४ सै घण्टा सेवा प्रवाहमा सहजताका लागि आवश्यक वैकल्पिक उर्जाको व्यवस्था गरी जनतालाई सर्वसुलभ सेवाको व्यवस्थालाई निरन्तरता दिइने छ ।

**१६९.** जनप्रतिनिधि र कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**१७०.** सार्वजनिक सेवा प्रवाह र सुशासन नतिजामुलक व्यवस्थापनको नीतिलाई अवलम्बन गरी सेवा प्रवाहलाई नागरिक र विकासमैत्री तथा सरलीकृत बनाइनेछ ।

**१७१.** गाउँपालिकाको नियमित सार्वजनिक सुनुवाई र सामाजिक लेखा परीक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।

**१७२.** सार्वजनिक सेवालाई विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्न जोड दिइनेछ ।

**१७३.** न्याय सम्बन्धी सेवाको सहजताका लागि कानुनी सहायताको व्यवस्था गरी न्यायिक पद्धतिलाई प्रभावकारी बनाइनेछ।हरेक वडाहरूमा रहेका मेलमिलाप केन्द्रहरूको व्यवस्थापन तथा मेलमिलाप कर्ताको क्षमता विकासमा जोड दिइनेछ।

**१७४.** स्रोत साधनका अवैध र अत्यधिक दोहनको नियन्त्रण र व्यवस्थापन गर्न उपयुक्त नीति बनाइ व्यवस्थित गरिनेछ ।

**१७५.** विकास योजना तथा सेवा प्रवाहको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी, गुणस्तरीय, जवाफदेही बनाउन अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

**१७६.** डिजिटल नागरिक वडापत्र र डिजिटल भिलेज प्रोफाइललाई पूर्णता दिइ सो को तथ्याङ्कका आधारमा लक्षित वर्गका कार्यक्रम सञ्चालन गरिनेछ ।

**१७७.** चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ । आयोजनाको सार्वजनिक परीक्षण तथा आयोजना सूचना पाटी राख्ने कार्यलाई समेत निरन्तरता दिइनेछ ।

१७८. सार्वजनिक खर्चलाई मितव्ययी र नतिजामुखी बनाउन बिनियोजन कुशलता र कार्यान्वयन दक्षतामा थप जोड दिइनेछ । चालु प्रकृतिका खर्चहरु कटौती गर्ने नीति लिइनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद बनाइनेछ । बेरुजु कम गर्ने तथा लेखापरीक्षणबाट औंल्याइएका बेरुजुहरुको सम्परीक्षण गरी बेरुजु न्यूनीकरणमा जोड दिइनेछ ।

१७९. खरिद इकाईलाई चुस्त बनाइ सार्वजनिक खरिद प्रक्रियालाई मितव्यी, पारदर्शी, गुणस्तरीय र Time Bound बनाइनेछ । खरिद गुरुयोजना र वार्षिक खरिद योजना निर्माणलाई निरन्तरता दिइनेछ ।

१८०. कार्यक्रम कार्यान्वयन योजना निर्माण गरी चौमासिक खर्च सन्तुलनमा जोड दिइनेछ । चौमासिक लक्ष्य किटान गरी त्यसको कार्यान्वयन समीक्षा गरिनेछ ।

१८१. सार्वजनिक सेवाको गुणस्तर मापनका लागि सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरिनेछ । उत्कृष्ट सेवा प्रवाह गर्ने कार्यालय र कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

१८२. वन क्षेत्रमा सुशासन, समावेशीकरण र सामाजिक न्याय प्रवर्धनमा जोड दिइनेछ ।

१८३. यस गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक धरोहरको पुनःनिर्माण, प्रचार-प्रसार गरी धार्मिक, साँस्कृतिक पर्यटनको प्रवर्धन गरिनेछ ।

१८४. गाउँपालिकाबाट सम्पन्न हुने आर्थिक क्रियाकलापमा वित्तीय जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

१८५. शासकीय क्रियाकलापहरुमा हुन सक्ने अनियमितता, सरकारी सम्पत्तिको अनाधिकृत प्रयोग, अपचलन वा दोहन गर्ने जुनसुकै पदाधिकारी, कर्मचारी, सेवाप्रदायक वा सेवाग्राहीलाई कानुन अनुरुप दण्डको व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।

१८६. कर्मचारीको मनोबल उच्च पार्न कर्मचारीलाई सेवाप्रति लगनशील, जिम्मेवार, उत्तरदायी र कर्तव्यनिष्ठ बनाउन दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ ।कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरबन्दी सङ्ख्याको यकिन गरिनेछ ।गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कल्याणका लागि सामाजिक सुरक्षा कोष स्थापना गरी प्रोत्साहन गरिनेछ ।

१८७. क्षतिपूर्तिसहितको नागरिक सेवा प्रवाहलाई जोड दिइनेछ । सेवाग्राही र सेवाप्रदायकबिच मापदण्डका आधारमा क्षतिपूर्ति लिने दिने व्यवस्थाका लागि पहल गरिनेछ ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

**पूर्वाधार विकास**

१८८. गाउँपालिकाका निर्माणाधीन अधुरा तथा क्रमागत योजना तथा बढी लागत सहभागिता हुने योजनालाई पहिलो प्राथमिकता दिएर सञ्चालनमा ल्याइनेछ । साथै वातावरणमैत्री योजना निर्माणमा जोड दिइनेछ ।

१८९. गाउँपालिका क्षेत्रभित्र विभिन्न सामुदायिक भवन निर्माण कार्यलाई व्यवस्थित गर्नका लागि लागत साझेदारीलाई प्राथमिकता दिइनेछ ।

१९०. सबै वडावासीलाई स्थानीय टोल देखी वडा कार्यालयसम्मको पहुँच मार्गलाइ स्तरोन्नती गरिनेछ ।

१९१. सडक सञ्जाललाई व्यवस्थित र भरपर्दो बनाउनका लागि मुख्य मुख्य सडकहरूलाई स्तरोन्नती गर्दै कालोपत्रे गरिने कार्यलाई प्राथमिकता दिइनेछ ।

१९२. गाउँपालिकाको आवधिक योजना तथा सडक गुरुयोजनाले निर्देशित गरेका सर्तबमोजिम निर्माण कार्य गरी सोही अनुसार आयोजनाहरू कार्यान्वयन गरिनेछ ।

१९३. उपभोक्ता समितिबाट सञ्चालित आयोजनाहरुको मर्मत सम्भारको व्यवस्थाका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ । भू उपयोग नीतिबमोजिम नयाँ सडकका ट्र्याकहरू खोलिने छैन ।

१९४. गाउँपालिका क्षेत्रमा गाउँपालिकाबाट निर्माण गरिने सडकको महत्व र दुरीको आधारमा नालीसहित सडक स्तरोन्नतीलाई प्राथमिकतामा राखिनेछ ।

१९५. यस गाउँपालिकाको क्षेत्रभित्रका जीर्ण सडकहरूको मर्मत सम्भार तथा स्तरोन्नतीका लागि मर्मत सम्भार कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

<u>सडक तथा अन्य पूर्वाधार विकास</u>

१९६. आर्थिक वर्ष २०८१/८२ लाई पूर्वाधार विकास तर्फ दिगो विकासलाई प्राथमिकतामा दिई बन्ने संरचनाहरूलाई गुणस्तरीय र टिकाउ बनाउन आवश्यक पहल गरिनेछ ।सडक पूर्वाधार निर्माण गर्दा सडक सुरक्षा मापदण्ड लागु गरिनेछ ।

१९७. कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरी कार्यालय व्यवस्थापन गरिनेछ ।

१९८. **मुहानदेखि मुखसम्म** स्वच्छ खानेपनीको व्यवस्था गर्न **एक घर एक धारा कार्यक्रम**लाई निरन्तरता दिइनेछ । सामुदायिक लिफ्टिङ्ग खानेपानीको विद्युत महशुलमा दिइदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

१९९. गाउँपालिकाको खानेपानी तथा सरसफाई सम्बन्धी योजना (WASH PLAN) लाई अद्यावधिक गरिनेछ ।

२००. छत्रदेव गाउँपालिकालाई पर्यटन हवको रुपमा विकसित गर्न यहाँका पर्यटकीय स्थल र धार्मिक सम्पदाहरूमा आवश्यक पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्धनमा जोड दिइनेछ ।

२०१. बल्कोटमा निर्माणाधीन आधारभूत अस्पताल निर्माण कार्यलाई सम्पन्न गर्नका लागि स्वास्थ्य मन्त्रालय र अर्थ मन्त्रालयसँग आवश्यक पहल गरी बजेटको सुनिश्चितता गरिनेछ ।

२०२. ढुङ्गा, गिट्टी, बालुवा र अन्य नदीजन्य तथा खनिज पदार्थहरूको राजस्व सङ्कलनलाई थप प्रभावकारी बनाउनका लागि सिमाना क्षेत्रका नदी तथा खोलाहरूको ठेक्का आह्वान गर्दा छिमेकी स्थानीय तहहरूसँग समन्वय गरी संयुक्त रूपमा ठेक्का आह्वान गरिनेछ ।

२०३. प्रत्येक वडा स्तरीय योजनाहरूमा एक/एक वटा गौरवका योजना समावेश गर्नुपर्ने व्यवस्था लागु गरी टुक्रे योजनालाई निरुत्साहित गरिनेछ ।

२०४. झोलुङ्गे पुल आवश्यक रहेका स्थान पहिचान गरी पुल निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । आगामी वर्ष बाजापाटा-चिदीका झो.पु. वडा नं. १-३ को निर्माण कार्य अगाडि बढाइनेछ ।

**कार्यसम्पादन तथा अन्तरसम्बन्धित क्षेत्र**

२०५. मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरिनेछ ।

२०६. योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि श्रावण १५ गतेभित्र कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने मार्गदर्शन तथा कार्यविधिहरू श्रावण मसान्तसम्ममा तयार गरिनेछ ।

२०७. सेवा प्रवाहको विन्दुबाट टाढा रहेका नागरिकहरूलाई सहज सेवा उपलब्ध गराइ घरदैलोमा स्थानीय सरकारको सेवाको सुनिश्चितता गर्न चौमासिक रुपमा एकीकृत घुम्ति सेवाको सञ्चालन गरिनेछ ।

२०८. सेवाग्राही सन्तुष्टी सर्वेक्षणको कार्य थप व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२०९. सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पूर्ण रुपमा सूचना प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

२१०. जन्म, मृत्यु, विवाह बसाइँ सराइ सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटे लगत्तै दर्ता गराउन समुदायमा सचेतीकरण तथा स्थानीय एफ. एम. तथा टेलिभिजनहरूबाट सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२११. अडियो नागरिक वडापत्रको सुरुवात गरिनेछ । गाउँ कार्यपालिकाको कार्यालयमा डिजिटल वडापत्र कार्यान्वयनमा ल्याइनेछ ।

२१२. सेवा प्रवाह गर्ने कार्यालयहरूमा सेवाग्राहीहरूलाई सहज बसाइ व्यवस्थापन, शुद्ध खानेपानीको प्रवन्ध मिलाइनेछ । सेवा प्रवाहमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष व्यवस्था गरिनेछ । सेवा प्रवाहमा First In First Out (FIFO) Service प्रणालीको अवलम्बन गरिनेछ ।

२१३. एकीकृत स्थानीय तह वस्तुगत विवरण (Integrated Local Government Profile : iLG-Profile) तयार भइसकेको र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ । गाउँपालिकाको वास्तविक तथ्यगत विवरणहरू तयार गरी आगामी कार्ययोजना निर्माण गरिनेछ ।

२१४. जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक तालिम तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रम राखिनेछ ।

२१५. गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाबाट सम्पादन गरेका विभिन्न कार्यहरूको प्रगति विवरणसहितको E-bulletin त्रैमासिक रुपमा प्रकाशन गर्ने कार्यको सुरुवात गरिनेछ ।

**उपस्थित सभाका सदस्यज्यूहरू,**

**अन्त्यमा,**

सामाजिक-आर्थिक क्षेत्रलाई पुनःजीवन दिइ विकास निर्माणलाई तीव्रता दिने अठोटका साथ आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । आर्थिक सामाजिक क्षेत्र थप गतिशील हुनेछन, पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ । **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न तथा **"छत्रदेवको शानः सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान"** भन्ने मूल नारालाई सार्थक बनाउनका निमित्त कोशेढुङ्गा सावित हुनेछ ।

छत्रदेव गाउँपालिकाको समृद्धि र विकासमा एकाकार भई विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिच एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण तथा निरन्तरता दिन साथ दिनुभएकोमा गाँउपालिका भित्रका विभिन्न राजनैतिक दल, बुद्धिजीवी, समाजसेवी, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चारजगतलगायत सम्पूर्ण आमा बुवा दाजुभाइ दिदीबहिनीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । साथै भविष्यमा समेत सोही प्रकारको भूमिकाको अपेक्षा गर्दछु ।

छत्रदेव गाँउपालिकाको विकासको मार्गदर्शनको रुपमा सकारात्मक आलोचनालाई स्वागत गरी यस नीति तथा कार्यक्रमको तर्जुमा गर्नका लागि सुझाव सल्लाह दिनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधिलगायत सम्पूर्ण छत्रदेववासी जनतालाई हृदयदेखी नै धन्यवाद तथा आभार व्यक्त गर्दछु । यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी स्थानीय सरकारको औचित्य स्थापित गरी समृद्ध छत्रदेव निर्माणमा समेत सबैको सकारात्मक भूमिका रहनेछ भन्ने अपेक्षा गरेको छु ।

**जय छत्रदेव !**